प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. १, विराटनगर

# प्रेस विज्ञप्ति

१ नेपाल सरकार र स्विजरल्याण्ड सरकार वीच प्रदेश नं १ मा "प्रदेश सहयोग कार्यक्रम" (Province Support Programme) संचालन गर्ने सम्बन्धी द्विपक्षिय सम्झौता आज मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय विराटनगरमा सम्पन्न भयो। नेपाल सरकारका माननीय अर्थमन्त्री डा. युवराज खतिवडाज्यू र प्रदेश नं १ का माननीय मुख्यमन्त्री शेरधन राईज्यू तथा प्रदेशका अन्य माननीय मन्त्रीज्यूहरुसमेतको उपस्थितिमा अर्थ मन्त्रालयका अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका सहसचिव श्रीकृष्ण नेपाल र नेपालका लागि स्विजरल्याण्डका महामहिम राजदुत एलिजावेथ भन क्याप्लरले आफ्नो सरकारका तर्फबाट उक्त द्विपक्षिय सम्झौतामा हस्ताक्षर गर्नुभयो।

२ स्विजरल्याण्ड सरकारको करीव एक अर्व अनुदान र प्रदेश सरकारको २० करोड गरी प्रस्तावित कार्यक्रमको कुल वजेट करीव एक अर्व २० करोडको हुनेछ र कार्यक्रमको प्रथम चरण ४ वर्षको लागि प्रस्तावित छ।

यस कार्यक्रमका तीन वटा उद्देश्यहरु रहेका छन्।

(क) पहिलो उद्धेश्य प्रदेश सरकारलाई समतामूलक विकास अघि बढाउन तथा सार्वजनिक सेवा प्रवाह गर्न सक्षम वनाउने हुनेछ । यो उद्धेश्य प्राप्त गर्नका लागि कार्यक्रमवाट प्रदेश सरकारलाई मुख्यतया संस्थागत विकास तथा प्रक्रिया र कार्यविधि निर्माणमा सहयोग गरिने छ जसले प्रदेश सरकारलाई विकास निर्माण कार्यको प्रशासन संयन्त्र चुस्त वनाउन एवम् सार्वजनिक सेवा समावेशी तथा समतामुलक बनाउन सामर्थ्य बनाउने छ।

(ख) दोस्रो उद्धेश्यका रुपमा प्रदेश नं. १ र यस प्रदेशका स्थानीय सरकारहरु वीच रणनीतिक साझेदारी अभिवृद्धि गर्ने रहेको छ। यो उद्धेश्य प्राप्त गर्नका लागि मुख्यतया रणनीतिक साझेदारीका परियोजनाहरु छनौट गर्ने, विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने र ती परियोजनालाई कार्यान्वयन गर्न समेत सहयोग गरिनेछ।

(ग) यो कार्यक्रमको तेस्रो उद्धेश्य अन्तर्गत समावेशी तथा सहभागितामूलक नीति, साधन र पद्धति विकास गर्दै प्रदेश सरकार, नागरिक समाज तथा निजी क्षेत्रको आपसी जवाफदेहिता बढाउने तथा जनताको सूचनाको हक तथा निर्णय-प्रक्रियामा सहभागिता बढाउने कार्यमा सहयोग पुन्याउने छ।

३ यो कार्यक्रमले संस्थागत क्षमताका लागि लक्षित प्राविधिक सहयोग, आवश्यकता अनुरुपको क्षमता/प्रशिक्षण प्याकेज तथा प्रदेश सरकारको समग्र कार्यान्वयन क्षमता वढाउन सहयोग गर्नेछ।

मुकुन्द प्रसाद निरौला
सचिव

सुचना प्रविधिको व्यापक प्रयोगसंगै विद्युतिय शुसासन तथा डिजिटल प्रदेशको अवधारणालाई संस्थागत गर्ने तर्फ आवश्यक सहयोग समेत उपलव्ध गराउने छ।

४ प्रदेश सहयोग कार्यक्रम प्रदेश नं. १ को मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले कार्यान्वयन गर्नेछ। कार्यक्रमलाई आवश्यक मार्गनिर्देशन दिनको लागि माननीय मुख्यमन्त्रीको अध्यक्षतामा एक निर्देशक समिति रहनेछ। यो समितिले व्यवस्थापन इकाईले पेस गरेको वार्षिक कार्यक्रम तथा बजेट स्विकृत गर्ने र कार्यान्वयन तहमा आईपरेका समस्याहरूको निराकरण गरिदिने कार्य गर्दछ। साथै समितिले भए-गरेका कामको समीक्षा पनि गर्नेछ। प्रदेशका माननिय आर्थिक मामिला तथा योजना मन्त्री, माननीय आन्तरिक मामिला तथा कानून मन्त्री एवम् माननीय भौतिक पूर्वाधार विकास मन्त्रीज्यूहरू यस समितिका सदस्य रहनेछन्। त्यस्तै अन्य सदस्यहरुमा योजना आयोगका माननीय उपाध्यक्ष, प्रमुख सचिव, नगरपालिका प्रमुख-१, गाउँपालिका अध्यक्ष-१, नगरपालिका उप-प्रमुख-१ (महिला), गाउँपालिका उपाध्यक्ष-१ (महिला) र स्विस सरकार विकास सहयोगका प्रतिनिधि रहनेछन।

५ प्रदेश सहयोग कार्यक्रम नेपालको संघीयताको कार्यान्वयनमा पहिलो कोषेढुङ्गा वन्न पुगेको छ। प्रदेशको आवश्यकतालाई आफैले पहिचान गरी संघीय सरकारवाट पुर्व सहमति लिई प्रदेश सरकारको समग्र क्षमता अभिवृद्धिको लागि प्रस्तावित यस कार्यक्रमले संघीयतामा वैदेशिक सहायताको परिचालनमा समेत ठोस आधार खडा गरेको छ। आर्थिक विकासलाई प्रदेश स्तरमा दिशा निर्देश तथा कार्यान्वयन गर्ने जिम्मेवारी संविधानले प्रदेशलाई दिएको सन्दर्भमा प्रदेश नं. १ सरकारले आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम घोषणा गर्दै प्रदेशवासीको सेवा, सुरक्षा, सुशासन र सम्मानका साथै संघीयतालाई संस्थागत गर्न आगामी ५ वर्ष भित्रमा आवश्यक सबै संस्थागत संरचना र पद्धतिको विकास र सुदृढीकरण गर्ने तथा सार्वजनिक एवं वित्तिय जवाफदेहिता तथा विद्युतिय सुशासनलाई जोड दिने प्रतिवद्धता गरेको थियो। सरकारको नीति तथा कार्यक्रमलाई सम्बोधन गर्न तथा आ.व. २०७५/७६ को बजेट वक्तव्यमा घोषणा गरिए अनुरुप प्रदेश सरकार तथा स्थानीय सरकारको क्षमता अभिवृद्धि गर्न प्रदेश नं. १ को मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले प्रदेश सहयोग कार्यक्रमको अवधारणा अगाडि सारेको हो।

६ यस कार्यक्रमको शुरुवातको लागि मिति २०७५ साल श्रावण १४ मा प्रादेशिक मन्त्रिपरिषद्बाट अवधारणापत्र स्विकृत भै मिति २०७५ कार्तिक १५ मा संघीय अर्थ मन्त्रालयबाट कार्यक्रम अगाडि बढाउन सैद्धान्तिक सहमति प्राप्त भएको थियो। तत पश्चात प्रदेश सरकारले नेपाल सरकार मार्फत स्विजरल्याण्ड सरकारसंग समेत सहमति गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नेतृत्वमा विज्ञ समुह समेतको संलग्नतामा विस्तृत परियोजना दस्तावेज तयार गरेको थियो । उक्त परियोजना दस्तावेजलाई प्रादेशिक मन्त्रिपरिषद्को मिति २०७५।१२।२१ गतेको वैठकले स्विकृत गरी संघीय सरकारमा पठाएको थियो। संघीय मन्त्रिपरिषद्को मिति २०७६।०८।२३ को वैठकले उक्त कार्यक्रमलाई स्विकृत गरेपश्चात कार्यक्रम कार्यान्वयन हुन लागेको हो।

मितिः २०७६।१०।०३

मुकुन्द प्रसाद निरौला
सचिव